आज मिति २०७७ साल पुस २३ गते बिहिबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपसिलका महानुभावहरुको उपस्थितिमा ६३ औं नगर कार्यपालिकाको बैठक बसियो ।

उपस्थिति

| सि.नं | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष/न.का.स. | श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष/न.का.स. | दिपकराज जोशी | | |
| ५ | वडा अध्यक्ष/न.का.स. | सिंहराज श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष/न.का.स. | धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष/न.का.स. | जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष/न.का.स. | महेश्वर के.सी. | | |
| ९ | वडा अध्यक्ष/न.का.स. | नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष/न.का.स. | केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष/न.का.स. | जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष/न.का.स. | मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष/न.का.स. | उत्तम अधिकारी | | |
| १४ | नगर कार्यपालिका सदस्य | पार्वती अधिकारी | | |
| १५ | नगर कार्यपालिका सदस्य | कल्पना घिमिरे | | |
| १६ | नगर कार्यपालिका सदस्य | जगतमाया महर्जन | | |
| १७ | नगर कार्यपालिका सदस्य | उर्मिला बि.क. | | |
| १८ | नगर कार्यपालिका सदस्य | शोभा तामाङ | | |
| १९ | नगर कार्यपालिका सदस्य | लिला भुजेल | | |
| २० | नगर कार्यपालिका सदस्य | बच्चु बस्याल | | |
| २१ | नगर कार्यपालिका सदस्य | सन्जिव सुनुवार | | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत/सचिव | प्रकाश आचार्य | | |

Scanned with CamScanner

मिति २०७७ पुस २३ गते

६३ औं कार्यपालिका बैठकका निर्णयहरु

## निर्णयहरु

### निर्णय नं. १

टोखा न.पा. वडा नं. ७ साविक धापासी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १०३, सि. नं. १०२ ०९४५ २० को नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गामा नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागी सम्झौता भई हाल कार्यान्वयनको चरणमा रहेकोमा मिति २०७७/०९/१२ गते नापी कार्यालय, टोखा बाट आउनुभएका प्राविधिकहरुले न.पा. का प्रतिनिधिहरुको रोहवरमा गर्नुभएको रेखांकन र न.पा. का अमिन श्री विजयालक्ष्मी डंगोलले पेश गर्नुभएको प्रतिवेदनवाट समेत साविकको ड्रईङ डिजाईन अनुसार नगरपालिकाको निर्माणाधीन प्रशासकीय भवन निर्माण स्थल कित्ता नं. १७२ को व्यक्तिको निजि जग्गामा समेत पर्ने देखिएकोमा न.पा. का प्राविधिक कर्मचारीहरुवाट पेश भएको प्रतिवेदन समेतको आधारमा भवनको साईज, ठेक्का सम्झौता बमोजिमको BOQ को परिमाण र लागत (variation बाहेक) मा कुनै फरक नपर्ने गरी प्रस्तावित भवन व्यक्तिको निजि जग्गामा नपर्ने गरी साविकको भवन निर्माणस्थलवाट भवनलाई उत्तरतर्फ सारी साविकको ड्रईङ डिजाईन अनुसारको उत्तर पश्चिम मोहडालाई पश्चिम दक्षिण हुने गरी परिवर्तन गरी निर्माण कार्य सुचारु गर्ने भनी कार्यालयले मिति २०७७/०९/१५ मा गरेको निर्णयलाई अनुमोदन गर्ने ।

### निर्णय नं. २

राष्ट्रिय योजना आयोगबाट मिति २०७७/०८/३० मा जारी आ.व. २०७८/७९ मा संघीय समपुरक तथा विशेष अनुदान अन्तरगत संचालन गरिने आयोजना तथा कार्यक्रमको लागी प्रस्ताव आह्वानको सूचना अनुसार समपुरक अनुदान माग गर्न तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने ।

१. वडा कार्यालय भवन निर्माण वडा नं. २,४,६,७

२. जालुपा पार्क तथा खेलकुद मैदान निर्माण

३. वौडेश्वर पार्क निर्माण

४. वालुवापाटी पञ्चेटार सडक निर्माण

५.सपनतिर्थ मन्दिर परिसर पार्क निर्माण

### निर्णय नं. ३

विषयगत शाखावाट पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु स्विकृत गर्ने निर्णय गरियो ।

१. टोखा नगरपालिकामा स्थानीय वाल अधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७७

Scanned with CamScanner

६३ औं कार्यपालिका बैठकका निर्णयहरु

मिति २०७७ पुस २३ गते

२. टोखा नगरपालिकामा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७

३. टोखा नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष संचालन सम्वन्धी कार्यविधि, २०७७

४. अपांगता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई टोखा नगरपालिका मार्फत अनुदान रकम उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७७

साथै, टोखा नगरपालिकामा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ निर्माणमा महत्वपूर्ण सहयोग पुर्‍याउने संस्था श्री शान्ति फाउन्डेशनलाई धन्यवाद ज्ञापन गर्ने ।

**निर्णय नं. ४**

टोखा नगरपालिका वडा नं. ३ स्थित सि.नं. १०२०८६५०८ कित्ता नं. ३ को सार्वजनिक जग्गामा कृषि उपज संकलन तथा विक्रि केन्द्र स्थापना गर्ने ।

**निर्णय नं. ५**

टोखा नगरपालिकाको आठौं नगरसभा बैठक यही मिति २०७७/१०/०७ गते आह्वान गर्ने ।

**निर्णय नं. ६**

तपशिल वमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

१. थिङ्ग कन्स्ट्रक्सन, टोखा न.पा. ६
२. मैनापोखरी कन्स्ट्रक्सन प्रा.लि.टोखा न.पा १०
३. ताक्मारु निर्माण सेवा प्रा.लि. १०
४. दुप्चे कन्स्ट्रक्सन प्रा.लि. टोखा न.पा. २
५. सायद कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा न.पा.९
६. महामण्डल कालभैरव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,टोखा न.पा.३
७. लर्ड बुद्ध कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टोखा न.पा.४
८. पुजन प्रशान्त मल्टी प्रपोज प्रा.लि.,टोखा न.पा.९
९. रिप्पल कन्स्ट्रक्सन प्रा.लि., टोखा न.पा.६

Scanned with CamScanner

१०. क्वालिटी आयूश्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा न.पा.१०

११. नवयुग कनस्ट्रक्सन प्रा.लि.टोखा न.पा.१०

१२. विङस बिल्डर्स कम्पनी प्रा.लि. टोखा न.पा.१०

१३. बुंकोट निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. टोखा न.पा.१०

१४. सुपर डिजाइन कन्स्ट्रक्सन प्रा.लि., टोखा न.पा.१०

१५. नागेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा न.पा.१०

१६. पाल कन्स्ट्रक्सन, टोखा न.पा.१०

१७. अम्बिकेश्वरी निर्माण सेवा प्रा.लि., टोखा न.पा.१०

**निर्णय नं. ७**

तपशिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१. बेस्ट क्वालिटी कन्स्ट्रक्सन, टोखा न.पा.१०
२. बिल्ड ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि., टोखा न.पा.१०
३. टिम केयर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टोखा न.पा. १०
४. एभरेष्ट इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सलटेन्सी प्रा.लि., टोखा न.पा.८
५. एम.आर.एम.कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. टोखा न.पा. १०
६. गोरखकाली निर्माण सेवा, टोखा न.पा.९
७. श्री संयोग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टोखा ५
८. हारती माता निर्माण सेवा प्रा.लि. टोखा न.पा. ९
९. निर्मला एण्ड महिमा कन्स्ट्रक्सन प्रा.लि. टोखा न.पा. १०
१०. स्काईमुन कन्स्ट्रक्सन प्रा.लि., टोखा न.पा. १०
११.डेलाइट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.टोखा न.पा. १०
१२. दक्षिणकाली भक्त निर्माण सेवा प्रा.लि. टोखा न.पा.१
१३. लामा ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि.टोखा न.पा. ३
१४. लक्ष्मण धन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा न.पा. ८

**निर्णय नं. ८**

नगर कार्यपालिकाको ६२ औं बैठकले कोरोना पोजेटिभ भई Home Isolation मा बस्न चाहने न.पा. मा स्थायी बसोबास गर्ने संक्रमित व्यक्तिलाई सन्तुलित भोजनको लागी स्वास्थ्य शाखाको सिफारिसको आधारमा २०७७ मंसिर मसान्त सम्म पोषण भत्ता प्रदान गर्ने निर्णय गरेकोमा उक्त भत्ता

Scanned with CamScanner

यही २०७७ पुस मसान्त भित्र कोरोना परिक्षण गर्ने व्यक्तिको रिपोर्ट पोजेटिभ आएमा मात्र प्रदान गर्ने र त्यसपछी बन्द गर्ने ।

**निर्णय नं. ९**

कार्यपालिकाको ६० औं बैठकको निर्णय बमोजिम गठित आईसोलेसन सेन्टर निर्माण तथा व्यवस्थापन समितिले कोभिड १९ नियन्त्रण, व्यवस्थापन तथा आईसोलेसन सेन्टर निर्माण तथा व्यवस्थापनमा पुर्‍याएको योगदानको उच्च सम्मान सहित स-धन्यवाद उक्त समिति विघटन गर्ने ।

**निर्णय नं. १०**

संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय बजार व्यवस्थापन ऐन, नियमावली र कार्यविधि तयार गर्ने ।

**निर्णय नं. ११**

CICT प्रयोजनको लागी परामर्श सेवामा भर्ना गरिएका कर्मचारीहरुलाई २०७७ पुस मसान्त वाट हटाई निजहरुसंगको सम्झौता अन्त्य गर्ने ।

यस अघि Contact tressing, स्वाब संकलनमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य स्वास्थ्यकर्मीहरु लाई प्रदान गरिदै आएको जोखिम भत्तालाई २०७७ पुस मसान्त वाट तपशिल बमोजिम पुनरावलोकन गर्ने ।

- Contact tressing मा संलग्न स्वास्थ्यकर्मीहरुलाई Contact tressing गरेको दिनको प्रति दिन रु. १,००० का दरले बढीमा महिनामा ८ दिन ।
- स्वाब संकलनमा संलग्न स्वास्थ्यकर्मीहरुलाई स्वाब संकलन गरेको दिनको प्रति दिन रु. १,५००
- माथि उल्लेखित बाहेक अन्य स्वास्थ्यकर्मीहरुलाई साविकमा प्रदान गरिदै आएको २५ प्रतिशत जोखिम भत्तालाई २०७७ फागुन मसान्त सम्म १५ प्रतिशत कायम गर्ने ।

**निर्णय नं. १२**

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ (पहिलो संशोधन सहित) बमोजिम आयोजना संचालन गर्न संघीय सरकारवाट सशर्त अनुदान वापत रु. ५२,९६,००० प्राप्त भएकोमा उक्त रकमबाट चालु आ.व. को योजना कितावमा संलग्न गरिएका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालन हुने कार्यक्रमहरु संचालन गरी योजना संचालनमा संलग्न श्रमिकको पारिश्रमिक भुक्तानी गर्ने ।

Scanned with CamScanner

६३ औं कार्यपालिका बैठकका निर्णयहरु

मिति २०७७ पुस २३ गते

**निर्णय नं. १३**

राजस्व परामर्श समितिको प्रतिवेदन एवं बजेट तथा श्रोत अनुमान समितिको मिति २०७७।९।१९ को निर्णय बमोजिम आगामी आ.ब. २०७७।७८ को लागि आवश्यक पर्ने जम्मा रु १,११,५५,४४,०००। को आय व्ययको अनुमान संघीय अर्थ मन्त्रालयमा पठाउनको लागि स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner